धादिङ जिल्लाबाट प्रकाशित पहिलो दैनिक जि. प्र. का. दर्ता नं. ०६/०६१/०६२ जि. हु. का. दर्ता नं. ०६/०६९/७०

प्रत्यूष
National Daily राष्ट्रिय दैनिक

ग्राहक बन्नु परेमा
पत्रिका नियमित नआएमा
ठेगाना परिवर्तन भएमा वा अन्य कुनै
गुनासो भएमा कल गर्नु पर्दैन ।

९८५११२०८५०
भाईवरमा SMS मात्र गर्नुहोस्
"हामी यता बाट कल गर्छौं"

स्क्यान गर्नुहोस्
ई-पेपर हेर्नका लागि

वर्ष २३, अङ्क १०६ ◆ २०८३ कात्तिक १५ आइतबार ◆ Sunday, November 1, 2026 ◆ ने सं ११४६ ◆ धादिङ ◆ Pratyus National Daily ◆ पृष्ठ ४◆ मूल्य रु. ५/-

वर्षाले अवरुद्ध जोमसोम-कोरला सडक सञ्चालन

❑ *प्रत्यूष समाचारदाता*

मुस्ताङ । भारी वर्षाले अवरुद्ध जोमसोम-कोरला सडक मर्मतपछि सञ्चालनमा आएको छ । अर्नब चक्रवात प्रभावका कारण शुक्रबार रातिदेखि परेको भारी वर्षाले बारागुङ मुक्तिक्षेत्र-३ चैले सडक भासिदा शनिबार बिहानैदेखि अवरुद्ध भएको थियो । यसअघि 'ग्याबिन वाल'ले उकासेर सडक स्तरोन्नति गरिएकामा गएरातिको भारी वर्षाले क्षति पुर्याएको बेनी-जोमसोमकोरला सडकका आयोजना प्रमुख तेजस्वी शर्माले जानकारी दिनुभयो । कोरला सडकको सवारी आवा-गमन तत्काल सञ्चालन गराउने गरी 'ग्याविन वाल' लगाएर माटो भरेर सडक सञ्चालन गरिएको आयोजना प्रमुख शर्माले सो अवसरमा बताउनुभयो ।

रास्वपा महामन्त्री नेतृत्वको प्रतिनिधिमण्डल चीन भ्रमणमा जाने

काठमाडौं । राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का महामन्त्री विपिन आचार्य नेतृत्वको प्रतिनिधिमण्डल जनवादी गणतन्त्र चीनको भ्रमणमा जाने भएको छ ।

चिनियाँ कम्युनिष्ट पार्टी (सिपिसी)को निमन्त्रणामा नेपाली प्रतिनिधिमण्डलले छिट्टै चीन भ्रमण गर्न लागेको रास्वपाका प्रवक्ता जगदीश खरेलले जानकारी दिनुभयो । पार्टी मुख्यालयमा शनिबार बसेको सचिवालय बैठकमा सो भ्रमणका बारेमा छलफल भएको थियो ।

बैठकमा मधेस प्रदेश र केही जिल्लामा देखिएका समस्या तथा मधेस अडिट सम्बन्धमा सहमहामन्त्री हरि ढकाल नेतृत्वको कार्यदलको प्रतिवेदन पेस भएको प्रवक्ता खरेलले जानकारी दिनुभयो । सो प्रतिवेदन अध्ययनपश्चात् पार्टीले आगामी कदम चाल्ने बैठकको निर्णय छ ।

न्यायालयको पुनःसंरचनाका लागि संबादमार्फत अघि बढ्ने रास्वपाको निष्कर्ष

काठमाडौं । राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)ले न्यायालयमा देखिएको विकृति र विसङ्गति अन्त्यका लागि संसद्मार्फत अघि बढ्ने निष्कर्ष निकालेको छ ।

पार्टी मुख्यालयमा शनिबार सम्पन्न सचिवालय बैठकले न्यायालयको पुनःसंरचनाका लागि संसदीय दललाई निर्देशन दिएको प्रवक्ता जगदीश खरेलले जानकारी दिनुभयो ।

"न्यायालयमा देखिएका व्यथिति र विसङ्गति तथा केही न्यायाधीशलाई जोडेर सामाजिक सञ्जाल तथा सञ्चारमाध्यममा जति सन्दर्भ आइरहेका छन्, यो विषयलाई अब निरुपण गर्नुपर्छ", बैठकको निष्कर्ष सुनाउँदै उहाँले भन्नुभयो, "न्यायलयको पुनःसंरचना गर्नुपर्ने आवश्यकता महसुस भएको अवस्थामा अब संसद्बाट यसको निरुपण खोज्नुपर्छ ।"

एक-अर्काको भाषा र संस्कृतिको सम्मान गर्नुपर्छ : प्रदेश प्रमुख

सप्तरी । मधेस प्रदेशका प्रमुख सुरेन्द्र लाभले एक-अर्काको भाषा र संस्कृतिको सम्मान गर्नुपर्नेमा जोड दिनुभएको छ । फत्तेपुरम-५ गङ्गाजलीमा शनिबार दुई दिने आदिवासी जनजाति साहित्य महोत्सको उद्घाटन गर्दै उहाँले कला एवं संस्कृति देशको पहिचान भएकाले यसलाई प्रवर्द्धन गर्नुपर्ने बताउनुभयो । प्रदेश प्रमुख लाभले भन्नुभयो, "एकले अर्काको संस्कृति र भाषालाई सम्मान गर्नुपर्छ । आदिवासी जनजाति, मधेसीलगायत सबैको अधिकार सुनिश्चित गरेर व्यवहारमा कार्यान्वयन गर्नुपर्छ ।" मुलुकको कुनै वर्ग समुदायको संस्कृति डुबेमा राष्ट्रियको अमूल्य गहना डुब्ने उहाँको भनाइ छ । कार्यक्रममा आदिवासी जनजाति आयोगका अध्यक्ष रामबाबु थापामगरले साहित्य समाजको ऐना भएकाले यसलाई निरन्तरता दिन हरेक पक्ष जिम्मेवार बन्नुपर्ने बताउनुभयो । उहाँले भन्नुभयो, "आदिवासी जनजातिको अधिकार संविधानमा लेखिए पनि अहिलेसम्म कार्यान्वयन हुन सकेको छैन । अब अधिकार कागजमा होइन, व्यवहार मा कार्यान्वयन हुनुपर्छ ।

मधेस प्रदेशका पूर्वमन्त्री राजकुमार लेखीले आदिवासी जनजातिको मुद्दा तीन तहको सरकारसँग जोडिएको बताउनुभयो । उहाँले भन्नुभयो, "हाम्रो संविधान र तीन तहको सरकारले आदिवासी जनजातिलाई केही उपलब्धि भएको छ । संविधान र ऐनले अधिकार दिएपनि कार्यान्वयनका लागि आफै सचेत भई यसलाई दिगो बनाउन आवश्यक छ ।"

स्थानीय पाडीबाच्छी हुर्काउन किसानलाई प्रोत्साहन

❑ *प्रत्यूष समाचारदाता*

कास्की । कास्कीमा कृत्रिम गर्भाधानबाट जन्मिएका पाडी तथा बाच्छी हुर्काउन किसानलाई प्रोत्साहन रकम उपलब्ध गराइने कार्यक्रमले यस वर्ष पनि निरन्तरता पाएको छ । स्थानीयस्तरमै गाईभैँसीको उत्पादन बढाउँदै बाहिरबाट पशु आयात घटाउने उद्देश्यले पाडी बाच्छी हुर्काउनका लागि सरकारले किसानलाई नगद अनुदान दिनेछ ।

भेटेरिनरी अस्पताल तथा पशुसेवा कार्यालय कास्कीले यसका लागि आवेदन माग गरेको छ । यस वर्ष यो कार्यक्रम अन्नपूर्ण गाउँपालिकाका सबै वडामा सञ्चालन हुने कार्यालयका प्रमुख डा ग्रिष्म न्यौपानेले बताउनुभयो । उहाँका अनुसार कार्यक्रमअन्तर्गत एक वर्ष उमेर पुगेका पाडी तथा बाच्छीलाई प्रतिगोटा अधिकतम रु १० हजारका दरले प्रोत्साहन रकम उपलब्ध गराइनेछ ।

"एक जना कृषकले बढीमा पाँच वटा पाडीबाच्छीका लागि आवेदन दिन सक्नेछन् । यसअनुसार एक कृषकले अधिकतम रु ५० हजारसम्म सहयोग पाउनेछन", प्रमुख न्यौपानेले भन्नुभयो । कार्यक्रमका लागि रु ३५ लाख बजेट विनियोजन गरिएको छ । उक्त रकमबाट ३४५ वटा पाडी तथा बाच्छीलाई प्रोत्साहन सहयोग उपलब्ध गराउने लक्ष्य राखिएको छ ।

"स्थानीयस्तरमा जन्मिएका पाडीबाच्छीलाई हुर्काएर उत्पादन शील गाईभैँसीको सङ्ख्या बढाउन सकेमात्रै दूध उत्पादनमा वृद्धि हुनुका साथै अन्य जिल्लाबाट गाईभैँसी खरिद तथा आयात गर्नुपर्ने बाध्यता हुँदैन । यसले स्थानीय किसानलाई पशुपालनमा आकर्षित गर्नुका साथै उत्पादन र आम्दानी बढाउन पनि सहयोग पुग्नेछ", कार्यालय प्रमुख न्यौपानेले भन्नुभयो ।

सो क्रममा उहाँले प्रोत्साहन रकम पाउनका लागि सम्बन्धित गाउँपालिकामा गाईभैँसीपालन गरिरहेको, कृत्रिम गर्भाधानबाट जन्मिएका पाडी वा बाच्छी पालिरहेको र तिनको उमेर एक वर्ष पुगेको हुनुपर्नेछ । आवेदनका साथ कृषकले कृत्रिम गर्भाधानको प्रमाण, पशुको बिमालेख, पहिचान खुल्ने फोटो तथा सम्बन्धित पशु सेवा शाखाको सिफारिस पेस गर्नुपर्नेछ ।

स्थानीयस्तरमा पशुको नश्ल सुधार, उत्पादन वृद्धि र गाईभैँसीको सङ्ख्या विस्तार गर्दै दूध उत्पादनमा आत्मनिर्भर बन्न तथा बाह्य निर्भरता घटाउन कार्यक्रम प्रभावकारी हुने अपेक्षा गरिएको कार्यालयले जनाएको छ ।



कास्कीमा गत वर्ष यो कार्यक्रम कार्यान्वयन गरिएको थियो । जसमा ९९ कोरली पाडी र ३५५ कोरली बाच्छी हुकिइ माउ बन्न योग्य भएको बताइन्छ । यसबाट आगामी वर्ष जिल्लामा १२ लाख लिटर अतिरिक्त दूध उत्पादन हुने अपेक्षा गरिएको पशु विकास अधिकृत सहदेव पौडेलले सो अवसरमा बताउनुभयो ।

वर्षाले सात घर-गोठमा क्षति

❑ *प्रत्यूष समाचारदाता*

काभ्रेपलाञ्चोक । अविरल वर्षाका कारण शनिबार काभ्रेपलाञ्चोकको बेथानचोक गाउँपालिका-४ खहरेमा सात घर-गोठमा क्षति पुर्याएपछि पीडित परिवारलाई छुट्टै घरमा व्यवस्थापन गरिएको छ ।

घरमा खाद्यान्नलगायत सम्पूर्ण सामग्रीमा क्षति पुगेपछि उनीहरूलाई गाउँपालिका कार्यालयले नजिकै एउटा घरमा व्यवस्थापन गरेको हो । शनिबार बिहान खहरे खोलामा आएको लेदोसहितको बाढीले उक्त स्थानका सात घर र तीन जस्तापाताको टहरोमा क्षति पुगेको थियो । खाद्यान्न, लत्ताकपडासहित अत्यावश्यक सामग्री व्यवस्थापन गरी सात परिवारको ३२ जनालाई उक्त घरमा राखिएको गाउँपालिका अध्यक्षका नीजि सचिव भगवान आचार्यले जानकारी दिनुभयो । उहाँका अनुसार स्थानीयको खाली घरमा पीडित परिवारलाई राखिएको हो । बाढीले घर-गोठमा क्षति पुर्याउँदा मानवीय तथा चौपाया भने क्षति पुगेको छैन । आचार्यका अनुसार बाढीले स्थानीय शेरबहादुर तामाङको ढुङ्गा माटोले बनेको जस्ताको छानो भएको १ तले घर पूर्णरूपमा पुरिएको छ ।

यसैगरी शेरबहादुर को घर नजिकको हर्कबहादुर तामाङको ढुङ्गा माटोले बनेको जस्ताको छानो भएको तीन तले घरमा लेदो माटोसहितको पानी पस्दा जस्तापाता र काठले बनेको गोठ पूर्ण रूपमा क्षति पुगेको छ। बाढीले खहरेखोला बस्ने जगत तामाङको जस्तापाताको कटेरो र निर्माणाधीन दुई कोठे घर भत्काएको छ भने पोतेबहादुर तामाङको ढुङ्गा माटोले बनेको जस्तापाताको छानो भएको तीन तले र एक तले गरी दुई वटा घरमा पूर्णरूपमा क्षति पुर्याएको छ।

यस्तै स्थानीय पुष्पा तामाङको जस्ताको टहरो र निर्माणधीन दुई कोठे घर, सुमन तामाङको जस्ताको टहरो र सेते तामाङको निर्माणाधीन दुई कोठे घरसमेत भत्किएको सम्मेत से क्रममा जनाइएको छ ।

पदमपोखरीमा व्यावसायिक मेवाखेतीबाट किसानको आम्दानी बढ्दै

बागमती । हेटौंडा उपमहानगर पालिका-१३ पदमपोखरीका किसान व्यावसायिक मेवाखेतीमा आकर्षित भएका छन् । मेवाखेतीबाट राम्रो आम्दानी हुन थालेपछि यहाँका १०० भन्दा बढी किसान यस व्यवसायमा आबद्ध भएका छन् ।

आधामार कृषक समूहका अध्यक्ष फेन्चु लामाका अनुसार पदमपोखरीमा सात वर्षदेखि व्यावसायिक मेवाखेती विस्तार भइरहेको छ । हाल यहाँ करिब ३० हजार मेवाका बोटबाट उत्पादन भइरहेको छ । सुन्तली माया वाइबाले मात्रै ३० कट्ठा क्षेत्रफलमा मेवाखेती गर्नुभएको छ। अघिल्लो वर्ष पदमपोखरीबाट पाँच लाख किलोग्राम मेवा बिक्री भएको थियो । किसानका अनुसार उत्पादित मेवा बिक्री गर्न समस्या छैन । व्यापारी बारीमै आएर मेवा खरिद गर्ने क्रम बढेको छ ।

यहाँ उत्पादित मेवा विशेषगरी वीरगञ्ज, काठमाडौं र पोखरालगायत सहरमा बिक्रीका लागि पुग्ने गरेको छ । पदम पोखरीको ठूलोथलीलगायत क्षेत्रमा मेवाखेती विस्तार भएको छ ।

ठूलोथलीकी किसान रञ्जुमाया घलानले आफ्नो फार्ममा ५५० बोट मेवा लगाउनुभएको छ। उहाँले अघिल्लो वर्ष रु तीन लाखको मेवा बिक्री गर्नुभएको थियो । मेवाखेतीबाट राम्रो आम्दानीको सम्भावना देखेपछि आफू यसतर्फ आकर्षित भएको उहाँले बताउनुभयो ।

तर, मेवाका पात कुहिने र फल झर्ने समस्या देखिन थालेको घलानले बताउनुभयो । समस्या समाधानका लागि प्राविधिकको सल्लाह लिने गरिएको उहाँको भनाइ छ । मेवाखेती सहित व्यावसायिक फलफूल तथा तरकारीखेती विस्तारमा हेटौंडा उपमहानगरपालिकाले पनि प्रोत्साहन र बजारीकरणमा सहयोग गर्दै आएको नगर प्रमुख मीना लामाले बताउनुभयो । स्थानीय उत्पादनलाई किसानबाट सीधै उपभोक्तासम्म पुर्याउने उद्देश्यले दसैँअघि 'आलीदेखि थालीसम्म' नारासहित कृषि मेला आयोजना गरिएको थियो । मेलामा उप महानगरभित्र उत्पादित कृषि उपजको प्रदर्शनी तथा बिक्री गरिएको थियो । उपमहानगर पालिकाको आर्थिक वर्ष २०८३/८४ को नीति तथा कार्यक्रममा युवालाई स्वरोजगार बनाउने र कृषिमा आत्मनिर्भरता बढाउने योजनालाई प्राथमिकता दिइएको छ। परम्परागत खेतीसँगै आधुनिक फलफूलखेती प्रवर्द्धन गर्ने तथा कृषक समूह र सहकारीमार्फत व्यावसायिक कृषि कार्यक्रम



सञ्चालन गर्ने नीति लिइएको छ। व्यावसायिक खेती विस्तारले स्थानीय रोजगारी र अन्य व्यवसाय मा समेत प्रभाव पारेको छ। पछिल्लो समय पदमपोखरी क्षेत्रमा करिब २०० अटो सञ्चालनमा रहेको स्थानीय अटोचालक दीपक लामाले बताउनुभयो । कृषि उपजको ओसारपसार र स्थानीयको आवत-जावत बढ्दा अटो व्यवसायलाई पनि फाइदा पुगेको उहाँको भनाइ छ ।

सम्पादकीय ....

प्रेस स्वतन्त्रतामाथिको प्रहार !

पछिल्लो समय पत्रकार पक्राउ पर्ने विषयले सार्वजनिक बहसको रूप लिएको छ । कुनै पत्रकारले कानुनविपरीत काम गरेको भए त्यसको निष्पक्ष छानबिन हुनुपर्छ । पत्रकार भन्दैमा कानुनभन्दा माथि हुने छुट कसैलाई छैन । समाचार लेखेको, प्रश्न उठाएको वा सरकारका कामकारबाहीको आलोचना गरेको कारणले मात्र पत्रकारलाई दुःख दिने, डर देखाउने वा पक्राउ गर्ने प्रवृत्ति लोकतान्त्रिक व्यवस्थाका लागि उचित हुन सक्दैन । पत्रकारमाथि अनुसन्धान गर्नुपर्ने अवस्था आए पनि कानुनी प्रक्रिया, प्रमाण र न्यायका स्थापित मान्यतालाई सम्मान गरिनुपर्छ ।

लोकतन्त्रमा प्रेस स्वतन्त्रतालाई राज्यको महत्वपूर्ण आधारस्तम्भ मानिन्छ । जनताका आवाज सरकारसम्म पुऱ्याउने, राज्यका कामकारबाहीमाथि निगरानी राख्ने र समाजमा भएका विकृति तथा विसङ्गतिलाई उजागर गर्ने जिम्मेवारी पत्रकारिताको हो । तर, पत्रकारले समाचार लेखेकै आधारमा पक्राउ पर्नुपर्ने अवस्था सिर्जना हुन्छ भने त्यसले लोकतन्त्र, अभिव्यक्ति स्वतन्त्रता र सुशासनमाथि गम्भीर प्रश्न खडा गर्छ ।

अहिले देशमा नयाँ सरकारप्रति नागरिकका अनेकौं अपेक्षा छन् । जनताले सरकारबाट सुशासन, भ्रष्टाचार नियन्त्रण, रोजगारी सिर्जना, गुणस्तरीय शिक्षा, स्वास्थ्य सेवा र विकास निर्माणमा तीव्रता खोजिरहेका छन् । सडक, पुल, खानेपानी, सिँचाइ, विद्युत् तथा सञ्चारजस्ता आधारभूत पूर्वाधारको विकास सरकारको प्राथमिकतामा पर्नुपर्छ । वर्षौंदेखि अलपत्र परेका आयोजना समयमै सम्पन्न गर्नु, सार्वजनिक खर्चमा पारदर्शिता कायम गर्नु र सरकारी सेवामा हुने ढिलासुस्ती अन्त्य गर्नु आजको आवश्यकता हो ।

यस्तो अवस्थामा सरकारको ध्यान जनताका समस्याको समाधान र विकास निर्माणमा केन्द्रित हुनुपर्ने हो । पत्रकार पक्राउको विषयले सरकारको कार्यशैली, प्रेस स्वतन्त्रता र कानुनी शासनबारे प्रश्न उठाएको छ भने त्यसलाई गम्भीरतापूर्वक सम्बोधन गर्नु सरकारकै जिम्मेवारी हो । सरकारको आलोचना हुनु लोकतन्त्रको कमजोरी होइन, बरु आफ्ना कमीकमजोरी सुधार्ने अवसर हो ।

पत्रकारिता राज्यको चौथो अङ्गका रूपमा परिचित छ । पत्रकारले गलत कामलाई गलत र राम्रो कामलाई राम्रो भन्न सक्नुपर्छ । सरकारले गरेका सकारात्मक कामको प्रशंसा गर्नुका साथै कमजोरीमाथि प्रश्न उठाउनु पनि पत्रकारिताको धर्म हो। पत्रकारले पनि समाचार सम्प्रेषण गर्दा तथ्य, प्रमाण र सत्यतामा आधारित भएर जिम्मेवार पत्रकारिता गर्नुपर्छ । व्यक्तिगत पूर्वाग्रह, भ्रामक सूचना र अपुष्ट समाचारबाट बच्नु उत्तिकै आवश्यक छ । सरकार र सञ्चारमाध्यमबीच टकराव होइन, स्वस्थ सम्बन्ध हुनुपर्छ। पत्रकार पक्राउको विषयलाई राजनीतिक प्रतिष्ठाको लडाइँ बनाउनुको सट्टा सत्यतथ्यका आधारमा समाधान खोजिनुपर्छ। नयाँ सरकारले प्रेस स्वतन्त्रताको सम्मान, विधिको शासन, भ्रष्टाचार नियन्त्रण र विकास निर्माणलाई समान महत्त्व दिनुपर्छ। जनताले खोजेको सरकार आलोचनाबाट डराउने होइन, आलोचनाबाट सिक्ने सरकार हो । लोकतन्त्र बलियो बनाउन प्रेस स्वतन्त्रता सुरक्षित हुनुपर्छ । सरकारको सफलता आलोचकलाई चुप लगाउनमा होइन, जनताको जीवनस्तर सुधार्न र देशलाई विकासको बाटोमा अघि बढाउनमा देखिनुपर्छ ।

पाठक वर्गमा अनुरोध

धादिङ जिल्लाबाट प्रकाशन हुँदै आएको धादिङ जिल्लाको पहिलो राष्ट्रिय दैनिक पत्रिका **"प्रत्यूष राष्ट्रिय दैनिक** तपाईंलाई कस्तो लाग्दैछ ? तपाईहरुको सल्लाह, सुझावको लागि अपेक्षा गर्दछौं। तपाईहरुको लेख, रचना,प्रकाशन गर्नुपर्ने सूचना तथा विज्ञापन भए हामीलाई इमेल मार्फत पठाउन सक्नु हुनेछ । तपाईंहरुले पठाउनुभएको लेख रचनालाई प्राथमिकताको साथ प्रकाशन गर्नेछौं ।

पत्यूष National Daily राष्ट्रिय दैनिक
नीलकण्ठ –३, धादिङबेसी,
फोन ०१०-५२१४३०, ९८५११२०८५०
Email : pratyushdainik@gmail.com

रासायनिक मलको विकल्पमा गड्यौले मल



तोलाकान्त बगाले

गड्यौले मल एक प्रकारको जैविक मल हो, जुन केही विशेष प्रकारका गड्यौला प्रयोग गरी उत्पादन गर्ने गरिन्छ। गड्यौलालाई खानाको रूपमा गाई, भैंसीको गोबर, घरबाट निस्केका सड्ने गल्ने खालका तरकारीका छिल्का, बोक्रा, पात, केराको थाम प्रयोग गर्ने गरिन्छ । पछिल्लो समय किसानले रासायनिक मलबाट बिग्रेको माटोलाई अर्गानिक गड्यौले मल तथा कम्पोष्ट मलको प्रयोग गरी माटोको जीवन बचाउनका लागि पनि गड्यौले मलको प्रयोगलाई बढाउँदै लगेका छन् । कृषकले समयमा रासायनिक मल नपाउने र गड्यौले मललाई विकल्पको रूपमा प्रयोग गर्ने सकिने भएकाले स्याङ्जाको वालिङमा गड्यौले मलको व्यावसायिक उत्पादन थालिएको छ । वालिङमा रहेको वालिङ प्रोडक्ट होल्डिङ बहुउद्देश्यीय सहकारी संस्थाले गड्यौले मलको व्यावसायिक उत्पादनमा जोड दिएसँगै कृषक यसतर्फ आकर्षित भएका हुन् । २०७७ सालमा स्थापना भएको सहकारीले २०७९ सालदेखि सहकारीमा आवद्ध रहेका शेयर सदस्य तथा अगुवा कृषकलाई भेला गरी गड्यौले मलको व्यावसायिक उत्पादन र त्यसबाट हुने आम्दानीका बारेमा प्रशिक्षण सञ्चालन गरेसँगै यहाँका कृषक व्यावसायिक रूपमा अगाडि बढेका संस्थाका अध्यक्ष यामबहादुर गुरुङले बताउनुभयो ।

सहकारीले सुरुका दिनमा शेयर सदस्य तथा अगुवा २६० जना कृषकलाई गड्यौला पालनसम्बन्धी तालिम दिएको थियो । तालिम पश्चात उनीहरुलाई गड्यौलाको बीउ तथा गड्यौला पालनका लागि आवश्यक पर्ने पिट उपलब्ध गराएको थियो । सहकारी आफैंले पनि जग्गा भाडामा लिएर व्यावसायिक उत्पादन गर्दै आएको छ । "सहकारीमार्फत उत्पादन भएको गड्यौलाको बीउ तथा गड्यौलाको मल बिक्री हुँदै आएको छ" अध्यक्ष गुरुङले भन्नुभयो, "सुरुका दिनमा गड्यौलाको मलका बारेमा कृषकलाई बुझाउन समस्या थियो, पछिल्लो समय बुझेपछि माग अनुसार पुऱ्याउन हम्मेहम्मे परेको छ ।"

सहकारीमा आवद्ध कृषकले उत्पादन गरेको गड्यौले मल तथा बीउ कृषक आफैंले पनि बिक्री गर्न सक्ने र बिक्री गर्न नसकेको खण्डमा सहकारीमार्फत बजारीकरणको व्यवस्था मिलाउँदै आएको छ । कृषकले उत्पादन गरेको मल उहाँहरुले आफ्नो खेतबारीमा प्रयोग गर्न पनि सक्ने र बाँकी रहेको मल बिक्री गरेर आम्दानी लिनसक्ने भएकाले कृषक पछिल्लो समय गड्यौले मलतर्फ आकर्षित भएका हुन् । सहकारीले वालिङ-८ खेलमैदान नजिकै पाँच वर्षलाई तीन रोपनी जग्गा भाडामा लिएर गड्यौले मल तथा बीउ उत्पादन गरिरहेको छ । ठूला २७ र साना १८ वटा गरी कूल ४५ वटा पिटमार्फत मल र बीउ उत्पादन गरिरहेको हो । सहकारी मार्फत मासिक छ हजार केजी र वार्षिक ६५ हजारदेखि ७५ हजार केजीसम्म मल उत्पादन हुने गरेको छ । यहाँ उत्पादन भएको मल शेयर सदस्यलाई प्रतिकेजी रु ३० र अन्य उपभोक्तालाई प्रतिकेजी रु ३५ का दरले बिक्री गर्दै आएको छ । "रासायनिक मलको जथाभावी प्रयोगले माटोको उर्वराशक्ति बिग्रिदै गएको छ" अध्यक्ष गुरुङले भन्नुभयो, "रासायनिक मलको जथाभावी प्रयोगमा न्यूनीकरण गर्दै माटो बचाउनुका साथै वातावरण संरक्षण गर्ने लक्ष्य र उद्देश्यसहित अगाडि बढेका छौं।" वालिङ प्रोडक्ट होल्डिङ बहुउद्देश्यीय सहकारी संस्थाले व्यावसायिक रूपमा थालेको गड्यौला मल तथा बीउ उत्पादन कार्यमा वालिङ नगरपालिकाको कार्यालय, कृषि विकास कार्यालय स्याङ्जा, हेफर इन्टरनेशनल, आस्क नेपाल, आईडिई नेपाललगायतका सङ्घसंस्थाहरुले आर्थिक, प्राविधिक तथा बजारीकरणमा सहयोग गर्दै आएका छन् । सहकारीमार्फत गड्यौले मल तथा बीउको व्यावसायिक उत्पादनसँगै यसको अध्ययन अवलोकनका लागि टाढा-टाढाबाट विभिन्न सङ्घसंस्था तथा कृषक समूहहरु आउने गरेका छन् । यहाँ सिकेका सीपलाई आफ्नो ठाउँमा लगेर प्रयोग गर्न थालेसँगै यसलाई गड्यौले मल तथा बीउको अध्ययन पाठशालाकोरूपमा विकसित गर्ने गरी योजना अगाडि बढाइरहेको अध्यक्ष गुरुङ बताउनुहुन्छ ।

अहिले आफूलाई पुग्ने गरीमात्रै गड्यौले मल उत्पादन गर्नुभएका बर्माले आगामी दिनमा उत्पादन वृद्धि गर्ने योजनामा हुनुहुन्छ । उत्पादन वृद्धि भएसँगै आफूले प्रयोग गरेर रहेको मल बिक्री गर्ने सोचमा उहाँ हुनुहुन्छ । "पछिल्लो समय गाउँघरबाट गाईगोरु, भैंसी पाल्ने क्रम हराउँदै गएको छ" बर्माले भन्नुभयो, "खेतीपातीका लागि मल नभई भएन, मलका लागि गड्यौलापालन उपयुक्त लाग्यो, वालिङ गएर हेर्यौं र फर्केसँगै अहिले गाउँमा गड्यौलापालन गर्ने धेरै हुनुहुन्छ, अरु पनि क्रमशः जोडिदै हुनुहुन्छ ।" स्याङ्जाको वालिङ-५ पित्लेक स्थित जनकल्याण कृषि सहकारीमा आवद्ध व्यावसायिक कृषकले पनि गड्यौलापालन गर्दै आएका छन् । कृषिको पकेट क्षेत्रकारूपमा पहिचान बनाएको पित्लेकका कृषकले आफ्नो बारीमा तरकारीबालीमा प्रयोग गर्नका लागि गड्यौला मल उत्पादन गर्दै आएका हुन् । यहाँका कृषकले व्यावसायिक रूपमा पनि गड्यौला पालन गर्दै आएका सहकारीका व्यवस्थापक एवम् अगुवा कृषक हुमनाथ लामिछानेले बताउनुभयो । "सहकारीमा आवद्ध ८/१० जना कृषकले गड्यौला पालन गर्दै आउनुभएको छ" कृषक लामिछानेले भन्नुभयो, "उहाँहरुले तरकारी उत्पादनका लागि प्रयोग गर्नुहुन्छ भने बाँकी रहेको मल वालिङ प्रोडक्ट होल्डिङमा प्रतिकेजी रु ३० का दरले बिक्री गर्नुहुन्छ।" गड्यौलाको बीउ प्रतिकेजी रु एक हजार ७०० का दरले बिक्री गरेको कृषक लामिछाने ले बताउनुभयो । लगानी र मिहेनत कम लाग्ने तर गड्यौला र मल दुबै बिक्री गरेर दोहोरो फाइदा लिन सकिने भएकाले पनि यसतर्फ कृषकको आकर्षण बढ्दै गएको हो । गड्यौले मलको प्रयोगले उत्पादनमा वृद्धि हुने, स्वस्थ र अर्गानिक उत्पादनमा सहयोग पुग्ने र माटोको उर्वराशक्ति बढाउने भएकाले यहाँका कृषक गड्यौला पालनतर्फ आकर्षित भएका कृषक लामिछाने बताउनुहुन्छ । कृषक लामिछानेले तीन वटा पिटबाट वार्षिक रूपमा पाँच हजार केजीभन्दा बढी मल उत्पादन गर्दै आउनुभएको छ । मलबाहेक गड्यौलाको बीउ पनि बिक्री गरी राम्रो आम्दानी हुने गरेको छ ।

रासायनिक मलको धेरै प्रयोग गर्दा माटोलाई साहे र कसिलो बनाउने तर गड्यौले मलको प्रयोगले माटोको उर्वराशक्ति बढाउन मद्दत पुग्ने भएकाले पनि गड्यौले मलको प्रयोगतर्फ कृषक आकर्षित हुँदै गएको कृषि विकास कार्यालय स्याङ्जाका कृषि अर्थविज्ञ नारायणप्रसाद पाठक बताउनुहुन्छ । रासायनिक मलको विकल्पमा गोठे मल तथा कम्पोष्ट मलभन्दा राम्रो र उपयोगी गड्यौले मल हुन्छ । गड्यौले मलमा भएको खाद्य तत्व बिरुवाले छिटो छरितोरूपमा ग्रहण गर्न सक्ने, माटोको उर्वराशक्ति बढाउन मद्दत गर्ने, माटोमा चिस्यानको मात्रा कायम राख्ने भएकाले पनि यो मल बढी उपयोगी र प्रभावकारी रहेको उहाँको भनाइ छ। सहकारीमार्फत तथा सहकारीमा आवद्ध व्यावसायिक कृषकले उत्पादन गरेका गड्यौले मल तथा बीउ सहकारीमार्फत प्रशोधन गरेर बजार पठाउने गरिएको छ । सहकारीले मलको प्रशोधन गरेपछि पाँच, १०, २० र २५ केजीका बोरामा प्याकेजिङ गरेर 'वालिङ गड्यौले मल'को नामबाट बजारीकरण गरिँदै आएको छ ।

बाढीबाट विद्यालय गुमाएका त्रिभुवन त्रिशूली माविका एक हजार ४३७ विद्यार्थीलाई सहयोग

नुवाकोट । रसुवामा गएको बाढीले विद्यालय भवन बगाएपछि प्रभावित भएका नुवाकोटको विदुरस्थित त्रिभुवन त्रिशूली माध्यमिक विद्यालयका एक हजार ४३७ विद्यार्थीलाई राहत सामग्री प्रदान गरिएको छ । एफकेबी युकेको सहयोगमा बास नेपालले विद्यालय मै पुगेर २५० छात्रालाई पुनःप्रयोग गर्न मिल्ने प्याडसहितको फ्रिडम किट ब्याग र ३०० छात्रलाई दैनिक उपभोग्य, स्वास्थ्य तथा प्राथमिक उपचार सामग्रीसहितको हाइजेनिक किट वितरण गरेको हो ।

जनजीवन फाउन्डेसन भारत तथा नेपालगन्जका विभिन्न संस्था र व्यक्तिको सहयोगमा एक हजार २८६ वटा स्टेसनरी सामग्री, ४७२ विद्यार्थीलाई लत्ताकपडा, १३७ वटा भाँडाकुँडा, २३ थान ओढ्ने-ओछ्याउने कपडा र ५१ जनालाई झोला वितरण गरिएको छ । बास नेपालका अनुसार कुल रु १० लाख बराबरको सहयोग उपलब्ध गराइएको हो । विदुर नगरपालिका-१ का वडाध्यक्ष लेनिन रञ्जितको उपस्थिति तथा विद्यालय व्यवस्थापन समिति अध्यक्ष शर्मिला श्रेष्ठको अध्यक्षतामा सामग्री हस्तान्तरण गरिएको थियो। विद्यालयका प्रधानाध्यापक राजेन्द्र दवाडीले सहयोगप्रति आभार व्यक्त गर्दै विद्यार्थीलाई मनोसामाजिक सेवा उपलब्ध गराउन बास नेपालसँग आग्रह गर्नुभयो ।

बाढी आउन लागेको मौखिक सूचना पाएपछि विद्यालयले त्रिशूली नदी किनारमा रहेको विद्यालयका एक हजार ६०० भन्दा बढी विद्यार्थीलाई घर पठाएको थियो। त्यसैले मानवीय क्षति हुन पाएन । विद्यार्थी र शिक्षक घर पुगेको केही समयमै विद्यालय भवन बाढीले पूर्ण रूपमा बगाएको थियो ।

विद्यालय भवन बगेपछि बन्द भएको विद्यालय ले असोज १ गतेदेखि विदुर नगरपालिका-१ को कलोनीस्थित यातायात भवन निर्माण शाखाको भवनमा अस्थायी रूपमा पठनपाठन सञ्चालन गर्दै आएको छ ।

पशु वधशाला र मासु जाँच सम्बन्धी सूचना

''उपभोक्ताहरुलाई स्वस्थ मासु उपलब्ध गराउने उद्देश्यले नेपाल सरकारबाट २०८३ मंसिर १ गतेदेखि काठमाण्डौं, भक्तपुर र ललितपुर जिल्लाका सबै स्थानीय तहहरुमा, २०८३ माघ १ गतेदेखि बाँकी सबै नगरपालिकाहरुमा र २०८४ साउन १ गतेदेखि देशैभरी पशु वधशाला र मासु जाँच ऐन, २०५५ लागु हुने गरी राजपत्रमा सूचना प्रकाशन भएको हुँदा ऐन कार्यान्वयनमा मासु व्यवसायी लगायत सम्पूर्ण सरोकारवालाहरुको सहयोगका लागि हार्दिक अनुरोध छ'' ।

मासु मात्र हैन, स्वस्थ मासु खोजौं ।

नेपाल सरकार,
विज्ञापन बोर्ड

प्रा डा वीणा पौड्याललाई दण्डपाणि-नन्दकुमारी अर्ज्याल राष्ट्रिय पुरस्कार

काठमाडौँ। मौलिक संस्कृति, धार्मिक परम्परा, ऐतिहासिक सम्पदा तथा कलाको अध्ययन र अनुसन्धानमा योगदान पुर्याएबापत प्रा डा वीणा पौड्याललाई 'दण्डपाणि-नन्दकुमारी अर्ज्याल राष्ट्रिय पुरस्कार-२०८३' प्रदान गरिने भएको छ। दण्डपाणि अर्ज्याल स्मृतिकेन्द्र, काठमाडौँले रु ५० हजार राशिको उक्त पुरस्कार यही कात्तिक २४ गते काठमाडौँमा आयोजना हुने प्रतिभा सम्मान समारोहमा प्रदान गर्ने निर्णय गरेको हो।

केन्द्रका महासचिव कपिल चन्द्र खनालका अनुसार यही कात्तिक १३ गते बसेको कार्यसमिति बैठकले पौड्याललाई सम्मानपत्र सहित पुरस्कार प्रदान गर्ने निर्णय गरेको हो। देशको संस्कृति, कला, दर्शन, इतिहास, भाषा, साहित्य लगायत राष्ट्रिय महत्त्वका विषयमा योगदान पुर्याउने प्रतिभालाई केन्द्रले प्रत्येक वर्ष सम्मान गर्दै आएको छ।

यसअघि उक्त पुरस्कारबाट प्राज्ञ ज्ञानमणि नेपाल, प्रा दिनेशराज पन्त, प्राज्ञ सत्यमोहन जोशी, प्रा डा सुरेशराज शर्मा, प्राज्ञ मदनमणि दीक्षितलगायत श्रष्टा सम्मानित भइसक्नुभएको छ।

यसैगरी गोरखाको इतिहास, संस्कृति, शिक्षा तथा समाजसेवामा योगदान पुर्याएका दण्डपाणि अर्ज्यालको स्मृतिमा २०६२ सालमा काठमाडौँमा दण्डपाणि अर्ज्याल स्मृतिकेन्द्रको समेत स्थापना गरिएको थियो।

लिम्बू पहिचान जोगाउन भाषा र संस्कृतिको संरक्षणमा जोड

सुनसरी। कोशी प्रदेश प्रमुख पर्शुराम खापुङले लिम्बू समुदायको पहिचान संरक्षणका लागि भाषा, साहित्य र संस्कृतिको संरक्षण तथा विकासमा जोड दिनुपर्ने बताउनुभएको छ।

धरानमा पालाम सम्राट सुवर्ण नेम्बाङको नवीन पालाम कृति 'इक्किसुम, इक्ला' को लोकार्पण समारोहमा शनिबार उहाँले पालाम सङ्गह लिम्बू समुदायको गौरवपूर्ण इतिहास र पहिचानसँग जोडिएको उल्लेख गर्नुभयो। पुर्खाले हस्तान्तरण गरेको पहिचानप्रति गर्व गर्दै वर्तमान चुनौती सामना गर्न समुदाय आफैँ सक्रिय हुनुपर्ने उहाँको भनाइ थियो। नेपाल बहुजातीय, बहुभाषिक र बहुसांस्कृतिक मुलुक भएकाले सबै जातजातिका भाषा, साहित्य र संस्कृतिको संरक्षण आवश्यक रहेको उहाँले बताउनुभयो। नेपालको विविधताभित्र लिम्बू भाषा, साहित्य र संस्कृति महत्वपूर्ण सम्पदा भएको उल्लेख गर्दै उहाँले यसको समृद्धिका लागि सत्यतथ्य अध्ययन, अनुसन्धान र परिस्थितिको विश्लेषण आवश्यक रहेको बताउनुभयो।

मानव जातिको पहिलो पाठशाला घरपरिवार भएकाले बालबालिकालाई मातृ भाषा सिकाउने पहिलो जिम्मेवारी आमाबुवा र परिवारका सदस्यको हुने उहाँको भनाइ थियो। घरबाटै मातृभाषा बोल्ने र सिकाउने वातावरण बनाउन सके भाषा संरक्षणमा महत्वपूर्ण योगदान पुग्ने उहाँले बताउनुभयो।

थामी भाषाको राष्ट्रिय गीत सार्वजनिक



काठमाडौँ। नेपाल थामी समाजले पहिलो पटक थामी भाषामा तयार गरेको राष्ट्रिय गीत सार्वजनिक गरेको छ।

समाजको २७औँ वार्षिक साधारणसभाका अवसरमा शनिबार बागमती प्रदेशसभा सदस्य ठूला थामी, कालिञ्चोक गाउँपालिका अध्यक्ष अर्जुनप्रसाद शिवाकोटी र नेपाल आदिवासी जनजाति महासङ्घका उपाध्यक्ष अमृत सुनुवार लगायतले उक्त गीत सार्वजनिक गर्नुभएको हो।

प्रदेशसभा सदस्य थामीले थामी भाषामा पहिलो पटक राष्ट्रिय गीत सार्वजनिक हुनु समुदायका लागि महत्वपूर्ण उपलब्धि भएको बताउनुभयो।

उहाँले गीतले थामी समुदायलाई एकताबद्ध गर्न सहयोग पुग्ने विश्वास व्यक्त गर्दै समुदायको संस्कार, संस्कृति र उत्थानका लागि एकजुट भएर काम गर्नुपर्नेमा जोड दिनुभयो। कालिञ्चोक गाउँपालिका अध्यक्ष शिवाकोटीले थामी समुदाय को भाषा, संस्कार र संस्कृतिको संरक्षण तथा विकासमा गाउँ पालिकाले सहयोग गर्दै आएको र आगामी दिनमा पनि निरन्तरता दिने प्रतिबद्धता व्यक्त गर्नुभयो। महासङ्घका उपाध्यक्ष सुनुवारले राष्ट्रिय गीतले थामी समुदायलाई एकताको सूत्रमा बाँध्न महत्वपूर्ण भूमिका खेल्ने बताउनुभयो। समाजका अध्यक्ष रणबहादुर थामीले पहिलो पटक थामी भाषामा राष्ट्रिय गीत निर्माण हुनु खुसीको विषय भएको बताउनुभयो। गीतका रचनाकार रमेश थामी 'छड्केसलाम' हुनुहुन्छ। गीतमा शिखर थामी 'विद्यालली', शक्ति थामी, तीर्थराज थामी, मनु थामी, सविना थामी, रामकुमार थामी, कमला थामी, प्रमोद थामी र सुन्दर थामीले स्वर दिनुभएको छ भने सङ्गीत संयोजन खुशी थामीले गर्नुभएको छ।

पत्रकार जोशीको आख्यानात्मक कृति 'बैसाखी' को गृहविमोचन

सुदूरपश्चिम। पत्रकार यज्ञराज जोशीद्वारा लिखित पहिलो कृति 'बैसाखी'को आज उहाँको गृहप्रदेश सुदूरपश्चिमको धनगढीमा 'गृह विमोचन' गरिएको छ।

सुदूरपश्चिम साहित्य समाज, धनगढीको संयोजनमा शनिबार कैलालीको धनगढीमा आयोजित एक कार्यक्रममा सुदूरपश्चिम प्रज्ञा-प्रतिष्ठानका कुलपति रामचन्द्र नेपाल, राष्ट्रिय सभा सदस्य नारायणदत्त मिश्र, सुदूरपश्चिम प्रदेशसभा सामाजिक विकास समिति सभापति धर्मराज पाठक लगायतले संयुक्त रूपमा कृतिको विमोचन गर्नुभएको हो।

त्यसक्रममा कथासङ्ग्रह 'बैसाखी' माथि चर्चा वक्ताहरूले कृतिमा गाउँपरिवेश, सामाजिक यथार्थ, महिला मनोविज्ञान तथा समाजका सीमान्तकृत पात्रका जीवन भोगाईलाई साहित्यिक शैलीमा प्रस्तुत गरिएको भन्दै प्रशंसा गरेका थिए।

प्रज्ञा-प्रतिष्ठानका कुलपति नेपालले लेखक जोशीमा रहेको सिर्जनात्मक प्रतिभा, इच्छाशक्ति र लोकपरिवेशलाई साहित्यमा उतार्ने क्षमता बैसाखी कृतिमा देखिएको भन्दै लेखनलाई निरन्तरता दिन आग्रह गर्नुभयो। उहाँले नेपाली साहित्य महाकाव्यको युगबाट आख्यानको युगमा प्रवेश गरेको भन्दै अब नदेखिएको र नलेखिएको विषय उजागर गरेमा मात्रै साहित्य फाँटमा पहिचान बनाउन सकिनेतर्फ सचेत रहन नवप्रतिभालाई आग्रहसमेत गर्नुभयो।

"नेपाली साहित्यमा नयाँ प्रयोग र नयाँ कृति दिने अभ्यास विगतदेखि नै भइरहेको छ। पछिल्लो समय नवप्रतिभाहरूको आगमन पनि बढ्दैछ। त्यसमा सुदूर पश्चिमको पनि आफ्नै पहिचान र इतिहास छ", कुलपति नेपालले भन्नुभयो, "त्यसैले समाजलाई दिशानिर्देश गर्नसक्ने कालजयी कृति र नलेखिएका विषयवस्तु कलात्मक तथा सरल रूपमा उजागर गर्ने श्रष्टा मात्रै टिक्ने अवस्था छ। यसमा ध्यान दिन आवश्यक छ। बैसाखीका लेखक जोशीमा मैले राम्रो सम्भावना देखेको छु।"

मदन पुरस्कार विजेता लेखक एवं सुदूरपश्चिम साहित्य समाजका अध्यक्ष रामलाल जोशीले पछिल्ला वर्षयता नेपाली आख्यान साहित्यको मूलधार सुदूरपश्चिममा फर्किएको धारणा राख्दै त्यसमा बैसाखीजस्ता कृतिहरूले थप योगदान पुर्याउने विश्वास व्यक्त गर्नुभयो। उहाँले सुदूरपश्चिम कथाव्यथाको अथाह पोको भएको उल्लेख गर्दै त्यसलाई साहित्य सिर्जनामार्फत सम्भावनामा बदल्न लाग्नुपर्नेमा जोड दिनुभयो। साहित्यकार तथा समालोचक गणेशराज जोशीले आख्यानात्मक कृति 'बैसाखी' कथावस्तु, पात्र, परिवेश, चरित्र र भाषाशैली प्रस्तुतिका हिसाबले पनि राम्रो रहेको बताउनुभयो।

लेखकले मनोविज्ञान, प्रगतिशील साहित्यको जगमा म पात्रमार्फत यथार्थवादी धारलाई सशक्त रूपमा प्रस्तुत गर्दै समाजमा निरीह बनाइएका पात्रको योगदान लाई नयाँ ढङ्गले प्रस्तुत गरेको उल्लेख गर्नुभयो। कतिपय प्रसङ्ग, शब्द, पात्रको सन्दर्भ र सिलसिला फरक परे पनि समग्रमा कृतिमार्फत आफूमा रहेको प्रतिभा र सम्भावना लाई उजागर गरेको उहाँको भनाइ थियो।

कार्यक्रममा बैसाखी भित्रको मानवधाम कथाकी पात्र कल्पना भट्टले अधिकांश साहित्यकार ले महिलालाई नामबाटै निरीह पात्रका रूपमा प्रस्तुत गर्ने गरेको टिप्पणी गर्दै लेखक जोशीले पात्रको नाम छनोट र प्रस्तुतिमा पनि न्याय गरेको सुनाउनुभयो।

कार्यक्रममा राष्ट्रियसभा सदस्य मिश्र, प्रदेशसभा सामाजिक विकास समितिका सभापति पाठक, साहित्य समाजका उपाध्यक्ष टोपेन्द्र शाहलगायतले लेखक जोशीको लेखनयात्राको सफलताको शुभ-कामना व्यक्त गर्नुभएको थियो। त्यस अवसरमा लेखक जोशीले आफूले सात वर्षको मेहनतपछि कृतिलाई पाठकमाझ ल्याउन सफल भएको यसमा सुदूरपश्चिमको माटो र परिवेश झल्किने बताउनुभयो।

उहाँले सुदूरपश्चिमको समाज, तत्कालीन समय, आमा बुबाले बाँचेको जीवन, पत्रकारिता र साहित्य क्षेत्रमा जोडिने क्रममा देखेका, भोगेका र लेखेका पात्रलाई समेटेर पाठकसमक्ष पुर्याउने प्रयास गरेको बताउनुभयो। शिखा बुक्सबाट प्रकाशित 'बैसाखी' सङ्ग्रहमा विभिन्न १४ वटा कथा रहेका छन् भने यसको बजार मूल्य रु ५९५ रहेको छ। जोशी गोरखापत्र दैनिकको डोटेली मातृभाषा पृष्ठको संयोजक हुनुहुन्छ। विगत एक दशक भन्दा बढी समयदेखि पत्रकारितामा रहेर उहाँले विभिन्न सञ्चार माध्यम काम गर्नुभएको छ।

राजमार्ग निर्माणमा अव्यवस्था, यात्रु र स्थानीयवासीलाई सास्ती

झापा। पूर्व-पश्चिम राजमार्ग अन्तर्गत एसियाली राजमार्गका रूपमा स्तरोन्नति भइरहेको काँकडभिट्टा-लौकही सडक खण्डको निर्माणलाई व्यवस्थित गरी यात्रुमैत्री बनाउन जनप्रतिनिधि, राजनीतिक दल र स्थानीयवासीले माग गरेका छन्।

एसियाली विकास बैंकको वित्तीय सहयोगमा झापाको काँकडभिट्टादेखि सुनसरीको लौकहीसम्मको ९५ किलोमिटर सडक स्तरोन्नति भइरहेको छ। यसमध्ये काँकडभिट्टादेखि सीतापुरी सम्मको ४५ किलोमिटर पूर्वी खण्ड निर्माणको ठेक्का इभ्रास्कन कालिका जेभीले पाएको छ। निर्माणका क्रममा यातायात व्यवस्थापनमा ध्यान नदिँदा अव्यवस्थित डाइभर्सन, खाल्डाखुल्डी, हिलो र धुलोका कारण दुर्घटनाको जोखिम बढेको तथा यात्रु र स्थानीयवासीले सास्ती भोग्नुपरेको गुनासो बढेको छ। झापा क्षेत्र नं २ की सांसद एवं प्रतिनिधिसभाकी निवर्तमान उपसभामुख इन्दिरा रानामगरले आयोजनाका प्रतिनिधि, निर्माण व्यवसायी र ट्राफिक प्रहरीसँग छलफल गरी निर्माण कार्यलाई यात्रुमैत्री बनाउन आग्रह गर्नुभएको छ।

जिल्ला ट्राफिक प्रहरी कार्यालय झापाका प्रमुख सन्तोष राई, एसियाली राजमार्ग आयोजना का इन्जिनियर आश्रय महत र निर्माण व्यवसायीको प्राविधिक टोलीसँगको छलफलमा उहाँले निर्माणको प्रगति, ट्राफिक व्यवस्थापन र यात्रुले भोगिरहेका समस्या समाधानबारे चासो राख्नुभएको थियो।

छलफलमा आयोजना प्रतिनिधिले हालसम्म ५६ प्रतिशत भौतिक प्रगति भएको र आगामी चार महिनाभित्र ७० प्रतिशत पुर्याई चालु आर्थिक वर्षभित्र निर्माण सम्पन्न गर्ने प्रतिबद्धता जनाएको सांसद रानामगरले जानकारी दिनुभयो।

उहाँले निर्माणलाई तीव्रता दिनुका साथै सुरक्षित आवागमन, व्यवस्थित डाइभर्सन, पर्याप्त साङ्केतिक चिह्न र प्रभावकारी ट्राफिक व्यवस्थापन सुनिश्चित गर्न आग्रह गर्नुभएको छ। धुलो तथा प्रदूषण नियन्त्रण र चाडपर्वका बेला वैकल्पिक मार्गको नियमित मर्मतसम्भार गर्न पनि सम्बन्धित पक्षलाई निर्देशन दिएको उहाँले बताउनुभयो।

यसैबीच, उज्यालो नेपाल पार्टीले निर्माणमा भएको ढिलासुस्ती र अव्यवस्थाविरुद्ध दबाबमूलक अभियान थालेको जनाएको छ। पार्टीका केन्द्रीय सदस्य सन्तोष आचार्यले सडकमा खाल्डाखुल्डी, धुलो र हिलोका कारण यातायात व्यवसायी, यात्रु तथा बजार क्षेत्रका बासिन्दा प्रभावित भएको समेत बताउनुभयो।

पार्टीले सरकारी निकायमा जनगुनासो पुर्याउनुका साथै काँकडभिट्टामा साङ्केतिक विरोध कार्यक्रम गरेको उहाँले जानकारी दिनुभयो। निर्माणमा ढिलासुस्ती अन्त्य गर्न, सुरक्षित यात्रालाई प्राथमिकता दिन र ठेक्काहरु सम्झौताका यात्रुहितसम्बन्धी सर्त पालना गर्न पार्टीले माग गरेको छ।

ठेक्का सम्झौताअनुसार एसियाली राजमार्गको स्तरोन्नति विसं २०८३ माघ १८ गतेभित्र सम्पन्न गर्नुपर्नेछ।

विसं २०८० माघ १९ गते सुरु भएको आयोजनामा एसियाली विकास बैंकको ८४ दशमलव ९ प्रतिशत र नेपाल सरकारको १५ दशमलव १ प्रतिशत लगानी रहेको बताइएको छ।

जुगल-२ हिमालमा पहिलोपटक स्पेनी आरोहीको सफल आरोहण



सिन्धुपाल्चोक। सिन्धुपाल्चोकको जुगल गाउँपालिकास्थित जुगल हिमशृङ्खलाको छ हजार ५१८ मिटर अग्लो जुगल-२ हिमालमा पहिलो पटक सफल आरोहण भएको छ।

स्पेनका तीन पर्वतारोही माइकल जाबाल्जा, माइकल साएज र रुवेन पेरेजले जुगल-२ को सफल आरोहण गर्नुभएको हो। जुगल गाउँपालिका पर्यटन समितिका अध्यक्ष मिलन तामाङका अनुसार आरोही टोली हिमालको शिखरमा पुगेर आधारशिविर फर्किएको छ।

पहिलो आरोहणसँगै जुगल हिमशृङ्खलाका अन्य हिमालको आरोहणका लागि पनि सम्भावना बढेको तामाङले बताउनुभयो। उहाँले यस सफलताले नेपालको पर्वतीय पर्यटनलाई अन्तराष्ट्रिय स्तरमा चिनाउन सहयोग पुग्ने विश्वास व्यक्त गर्नुभयो।

गाउँपालिका अध्यक्ष रेशम स्याङ्बोले चुनौतीपूर्ण मानिएको जुगल-२ को पहिलो आरोहण गर्न सफल स्पेनी टोलीलाई बधाई दिँदै यसले नेपालको हिमाली पर्यटन, विशेषगरी जुगल हिमशृङ्खलाको पहिचान अन्तरराष्ट्रियस्तरमा थप स्थापित गर्ने बताउनुभयो।

जुगल गाउँपालिकाले हिमाल आरोहण, पदमार्ग प्रवर्द्धन र पर्यटन पूर्वाधार विकासलाई प्राथमिकता दिँदै 'जुगल भ्रमण वर्ष २०८३' सञ्चालन गरिरहेको छ। 'गन्तव्य जुगल' अभियानमार्फत हिमाल, पदमार्ग तथा धार्मिक र सांस्कृतिक सम्पदालाई राष्ट्रिय तथा अन्तराष्ट्रियस्तरमा चिनाउने गाउँपालिकाको लक्ष्य छ।

यसअघि २०७५ चैत २६ गते सगरमाथा आरोही माया गुरुङको नेतृत्वमा छ हजार १२६ मिटर अग्लो ग्याल्चेन पिक र २०७७ कात्तिक ४ गते सगरमाथा आरोही शर्मिला लामाको नेतृत्वमा सात सदस्यीय टोलीले छ हजार १८४ मिटर अग्लो जुगल-३ हिमालको आरोहण गरेका थिए।

विदेशी पर्वतारोहीले २०८१ वैशाखमा पहिलोपटक जुगल-१ हिमालको सफल आरोहण गरेका थिए।

चौबीस स्वर्ण पदक जितेर सगरमाथाको अग्रता

बाँके । नेपालगन्जमा शनिबारदेखि सुरु भएको तेस्रो अन्तरराष्ट्रिय स्वीमिङ च्याम्पियनसीपमा ३८ व्यक्तिगत तथा दुईवटा रिले स्पर्धामा ललितपुरको सगरमाथा स्वीमिङ क्लबले अग्रता लिएको छ । नेपाल पौडी सङ्घको प्राविधिक सहयोगमा नेपालगन्ज स्वीमिङ क्लबले आयोजना गरेको उक्त प्रतियोगिता को पहिलो दिन ४० वटा स्पर्धा सम्पन्न हुँदा सगरमाथा क्लबले २४ स्वर्ण पदक जितेर अग्रता लिएको प्रतियोगिताका प्रमुख रेफ्री विष्णु खड्का क्षेत्रीले जानकारी दिए ।

प्रतियोगितामा भारतको नयाँ दिल्लीको इलाइट स्वीमिङ एकेडेमीले १० स्वर्ण जितेर दोस्रो स्थानमा छ । प्रतियोगितामा हालसम्म ललितपुरको रातो बङ्गला र मपिल क्यानेडिन स्कुल काठमाडौं दुई-दुई स्वर्ण जितेर तेस्रो स्थानमा छन् । भारतको लखनउ गल्स कलेज र शिखा एकेडेमी चौथो स्थानमा रहेका क्षेत्रीले बताए ।

प्रतियोगितामा यु-८ देखि यु-१७ तथा ओपन अर्थात् १७ वर्षभन्दा बढी उमेरका खेलाडीले प्रतिस्पर्धा गर्नेछन् । खेलाडीका बीचमा फ्रि स्टाइल, बेष्टस्ट्रोक, ब्याकस्ट्रोक, बटरफ्लाइ, रिले र व्यक्तिगत मेड्ले गरी छ छुट्टाछुट्टै विधाका ८० विधामा प्रतिस्पर्धा भइरहेको छ ।

प्रतियोगितामा देशका सबै प्रदेशका साथै भारतको दिल्ली र लखनउबाट १५० खेलाडी सहभागी भएका छन् ।

स्वीमिङलाई प्रवर्द्धन गर्ने उद्देश्यले नेपालगन्जका स्वीमिङ खेलप्रेमी उद्योगी, व्यवसायी,



चिकित्सक इन्जिनियर, कानुन व्यवसायी, चार्टर एकाउन्टेड, सञ्चारकर्मी लगायत नागरिक समाजका अगुवाहरूको पहलमा गठन गरिएको लुम्बिनी प्रदेशकै पहिलो स्वीमिङ क्लब हो ।

यसअघि नेपालगन्ज उप महानगरपालिका नगरप्रमुख प्रशान्त विष्टले सो प्रतियोगिताको उद्घाटन गरेका थिए । सो अवसरमा नगरप्रमुख विष्टले खेलकुदको विकासका लागि उपमहानगरपालिका प्रतिबद्ध रहेको बताए ।

गलेश्वरमा सामुदायिक भवन निर्माण

म्यार्दी । म्यार्दीको बेनी नगर पालिका-९ स्थित धार्मिकस्थल गलेश्वर शिवालय मन्दिर परिसरमा दाताले दिवङ्गत श्रीमतीको स्मृतिमा रु एक करोड २५ लाखको लागतमा सामुदायिक भवन निर्माण गरेका छन् । हाल बेलायतमा रहनुभएका काठमाडौंका डा सुरेश काफ्लेद्वारा दिवङ्गत श्रीमती बिन्दु पराजुली काफ्लेको नाममा स्थापित संस्थाले निर्माण गरेको भवनको शनिबार उद्घाटन गरिएको छ । एक सय तीन वर्षीया धनसरी पाइजा, गलेश्वर शिवालय क्षेत्र विकास कोषका संरक्षकसमेत रहेका प्रमुख जिल्ला अधिकारी गणेश गैरे र बिन्दुका श्रीमान सुरेशले संयुक्त रूपमा उद्घाटन गर्नुभएको हो ।

'बिन्दु काफ्ले फाउण्डेसन' ले एक करोड २५ लाखमा दुईतले भवन निर्माण गरी कोषलाई हस्तान्तरण गरेको कोषका अध्यक्ष माधवप्रसाद रेग्मीले बताउनुभयो । गत २०८२ मङ्सिर महिनादेखि भवन निर्माण सुरु भएको थियो । भूकम्प प्रतिरोधी र अपाङ्गमैत्री भवनको भुई तलामा सभाहल, पहिलो तलामा कोषको सचिवालय र दोस्रो तलामा रहेको एक वटा कोठामा भान्छाकोठा बनाइएको छ । कोषको कार्यालय सञ्चालन र गलेश्वर मन्दिरमा दर्शन तथा पूजा-आजाका लागि आउने भक्तजनलाई भवन निर्माणपछि सहज भएको अध्यक्ष रेग्मीले बताउनुभयो । हिन्दू तथा बौद्ध धर्मावलम्बीको साझा तीर्थस्थल मुक्तिनाथ प्रवेशद्वारका रूपमा परिचित गलेश्वर म्यार्दीको प्रमुख धार्मिकस्थल हो । काली गण्डकी नदी किनारमा नौ रोपनी क्षेत्रफलमा फैलिएको एउटै चट्टानमाथि अवस्थित गलेश्वरमा शिवालय मन्दिर पनि छ । हिन्दू धर्मग्रन्थमा गलेश्वरमा सतिदेवीको गला पतन भएको उल्लेख छ । साउनको सोमबार, बालाचतुर्दशी र महाशिवरात्रि पर्वमा मेला लाग्ने गलेश्वरमा दैनिक नित्य पूजाआजा गरिन्छ । गलेश्वरमा पूजाआजा र दर्शन गरेमा मनोकाङ्क्षा पूरा हुने विश्वास रहिआएको स्थानीय बताउँछन् ।

स्व बिन्दुका परिवारको गलेश्वर मन्दिरको विकासमा महत्त्वपूर्ण योगदान रहेको छ । बिन्दुका बुवा राधाकृष्ण पराजुलीले गलेश्वर मन्दिर निर्माण र विसं २०५७ मा गलेश्वर शिवालय क्षेत्र विकास कोष स्थापना गर्नुभएको थियो । राधाकृष्णका छोरा रमेश पराजुलीले गलेश्वर मन्दिरको छानामा पित्तलको जलप लगाउने लगायतका काममा सघाउनुभएको कोषले जनाएको छ । विसं २०७३ मा बेलायतमा दिवङ्गत हुनुभएकी चिकित्सक रहेकी बिन्दुको इच्छा र स्थानीय आवश्यकता अनुसार भवन निर्माणमा सघाएको सुरेशले बताउनुभयो ।

लगानीका लागि उद्यमीलाई मुख्यमन्त्री भट्टको आग्रह

सुदूरपश्चिम । सुदूरपश्चिम प्रदेशका मुख्यमन्त्री खगराज भट्टले सुदूर पश्चिममा उद्यमशीलता विकासका लागि नवप्रवर्तन प्रवर्द्धनका लागि प्रदेश सरकार सधैं तयार रहेको बताउनुभएको छ ।

सुदूरपश्चिम विश्वविद्यालय इन्क्युबेसन सेन्टर, कैलाली बहुमुखी क्याम्पसले धनगढीमा आयोजना गरेको 'सुदूरपश्चिम नवउद्यमी सम्मेलन' लाई सम्बोधन गर्दै शनिबार उहाँले प्रदेश सरकार उद्यमी अनुकूल ऐन, कानुन, नीति, नियम बनाउन तयार रहेकाले प्रदेशमा लगानीका लागि आउन आह्वानसमेत गर्नुभयो । मुख्यमन्त्री भट्टले प्रदेशको सुन्दर भविष्य निर्माण गर्ने सोच, सम्भावना र सङ्कल्पको आधार तयार बनाउन सबैसँग सहकार्यका लागि खुला रहेको बताउनुभयो । उहाँले नवउद्यमी सम्मेलनमार्फत त्यस्ता योजना अगाडि सार्न आग्रह गर्नुभयो । "सुदूरपश्चिमका मात्रै होइन, देशभरिका उद्यमीहरूलाई लगानीका लागि सुदूरपश्चिममा आउन आग्रह गर्दछु । त्यसका लागि सरकारले गर्ने सबै सहजीकरण हामी गर्छौं", उहाँले भन्नुभयो ।

मुख्यमन्त्री भट्टले विश्वका विभिन्न देशमा छरिएर रहेका सुदूरपश्चिमेलीलाई पनि आफ्नो मातृ र पितृ भूमिमा लगानी गरी विकास कार्यमा योगदान गर्न आग्रह गर्नुभयो। उहाँले परिणाममुखी व्यावसायिक योजना निर्माण गरी निर्वाहमुखी अर्थतन्त्रलाई निर्यात मुखी अर्थतन्त्रमा रूपान्तरण गर्नुपर्नेमा जोड दिनुभयो । मुख्यमन्त्री भट्टले सुदूरपश्चिमको मात्र नभई समग्र देशकै अर्थतन्त्र हाल जोखिममा रहेको उल्लेख गर्दै त्यसलाई उकास्न सबै क्षेत्रको साझा प्रयास आवश्यक रहेको बताउनुभयो । जलवायु परिवर्तनका कारण उत्पन्न हुने बाढी, पहिरो तथा अन्य विपद्ले एकै क्षणमा वर्षौंवर्षको लगानी नै सङ्कटमा पार्ने स्थिति आइरहेको भन्दै उहाँले ती जोखिमको आकलन गरेर विकास लाई नयाँ दिशा र गति दिनुपर्ने बताउनुभयो । "देशको अर्थतन्त्रले विभिन्न चुनौतीको सामना गरिरेको छ । अब अर्थतन्त्रलाई चलायमान बनाउने र आर्थिक समृद्धिमा योगदान पुर्याउने कार्यक्रम सञ्चालन गर्न आवश्यक छ", मुख्मन्त्री भट्टले भन्नुभयो, "त्यसैले उद्यमशीलता, नवप्रवर्तन र व्यावसायिक योजना मार्फत आर्थिक सम्भावनाको उपयोग गर्न लागौं ।"कैलालीको धनगढीमा शुक्रबार देखि सुरु भएको 'स्थानीय सम्भावनादेखि लगानीयोग्य उद्यमसम्म' भन्ने नारासहित सम्मेलन सुरु भएको हो । सम्मेलन आइतबारसम्म सञ्चालन हुनेछ। कैलाली बहुमुखी क्याम्पसका प्रमुख सहप्राध्यापक डा लोकबहादुर विष्टले सुदूरपश्चिम प्रदेशमा रहेका स्थानीय सम्भावना, नवीन सोच, व्यावहारिक सीप तथा बजारको अवसरलाई पहिचान गरी तिनलाई व्यावहारिक, दिगो र लगानीयोग्य उद्यममा रुपान्तरण गर्न सहयोग पुर्याउने उद्देश्यले सम्मेलन आयोजना गरिएको बताउनुभयो ।

सम्मेलनमार्फत उद्यमशील प्रतिभाको पहिचान तथा विकास, स्थानीय स्रोत र सीपको व्यावसायी करण, नयाँ उद्यम स्थापना, स्थानीय मूल्य अभिवृद्धि, रोजगारी तथा आयआर्जनका अवसर सृजना र प्रदेशको आर्थिक विकासमा योगदान पुर्याउने लक्ष्य रहेको उहाँले जानकारी दिनुभयो ।

सम्मेलनमा सहभागिताका लागि यसअघि छनोट भएका प्रस्तावमा विस्तृत छलफल गरी व्यावसायिक योजना विकासका लागि पृष्ठपोषण दिनुका साथै केही उत्कृष्ट योजना छनोट गरी थप तालिम, मेन्टरसिप र बीउ पुँजीसमेत उपलब्ध गराइने जनाइएको छ । यसैबीच बनिबार आयोजित कार्यक्रममा कैलाली बहुमुखी क्याम्पसका सेवानिवृत्त प्राध्यापक डिल्लीराज फुलारालाई सम्मान गर्दै उहाँको निबन्ध सङ्ग्रह 'आमा' र सहप्राध्यापक गणेशराज जोशीको समालोचनात्मक कृति 'सरल समालोचना'को विमोचन गरिएको थियो । समालोचना सङ्ग्रहमा १५ वटा लेखहरू समावेश छन् ।

छठको चटारो, माटाका सामग्री बनाउन भ्याइनभ्याइ

जनकपुरधाम । हिन्दू धर्मावलम्बीको दोस्रो ठूलो पर्व दीपावली र आस्थाको महापर्व छठ नजिकिँदै गर्दा माटोसँगै जीवन र जीविका जोडिएका कुम्हाल समुदायलाई यतिबेला भ्याइनभ्याइ छ । दीपावलीको उज्यालो र छठको धार्मिक आस्थालाई जीवन्त बनाउने माटाका सामग्री तयार पार्न धनुषाको जनकनन्दनी गाउँपालिका-४ खजुरीका कुम्हाल समुदाय बिहानदेखि साँझसम्म व्यस्त छन् ।

कसैका हात माटो मुछ्नमा जुटेका छन् त कसैका हातले चक्र घुमाउँदै माटाका डल्लालाई दियो, कलश, घैंटो, हाँडी, धुपौरो, हात्ती, कोसिया, कुर्वार, मट्काको आकार दिइरहेका छन् । चाडपर्वको रौनकसँगै सो बस्तीका कुम्हाल समुदायको घरआँगनमा माटाका सामग्री बनाउने चहलपहल बढेको छ । वर्षभरि सुस्त रहने माटाका सामग्रीको कारोबार दीपावली र छठको समयमा केही बढ्ने आशाले उहाँहरू अहिले उत्पादनमा केन्द्रित भएका छन् ।

"कारोबार वर्षभरी सुस्त रहन्छ, चाडपर्वका समयमा मात्र बिक्री हुन्छ", खजुरीका प्रतम पण्डितले भन्नुभयो, "त्यसैले अहिले समान बनाउन हामी व्यस्त छौं ।" अहिले सिजन भएकाले समान बनाएर नजिकैको हाट बजारमा पुर्याउन हतारो हुन्छ, उहाँले भन्नुभयो ।

बिहानको झिसमिसेदेखि साँझको अँध्यारोसम्म माटोसँग खेल्दै कुम्हाल समुदाय पर्वका लागि आवश्यक सामग्री तयार पार्न व्यस्त छन् । उहाँहरूका लागि यो समय केवल चाडपर्वको तयारी मात्र होइन, वर्षभरि थन्किएको पेसाबाट केही आम्दानी गर्ने अवसर पनि हो । "यो हाम्रो पसिना र मेहनतसँग परिवारको जीविका तथा पुर्ख्यौंली पेसाको निरन्तरता पनि जोडिएको हो", स्थानीय सुन्दर पण्डितले



भन्नुभयो, "हाम्रा लागि माटो केवल कच्चा पदार्थ होइन, पुस्तौंदेखि हस्तान्तरण हुँदै आएको सीप, संस्कृति र पहिचानको आधार हो ।" यही माटोलाई विभिन्न आकार दिएर धार्मिक, सांस्कृतिक तथा घरायसी आवश्यकता पूरा गर्दै आएको उहाँको भनाइ छ ।

"दसैं सकिएलगत्तैबाट माटोका भाँडा बनाउने काममै लागेकै हुन्छु", अयोधि पण्डितले भन्नुभयो, "अहिले माटोको भाँडा बेचेर राम्रै आम्दानी हुने भएकाले अरु काम थाती राखेर यसमा लागेका हौं ।" दसैंदेखि छठसम्ममा माटोको भाँडा बेचेर खबै खर्च कटाउँदा रु. एक लाख सम्म आम्दानी हुने उहाँको भनाइ छ ।

दीपावलीमा घरघरमा बालिने माटाका दियोदेखि छठपर्वमा पूजाका लागि प्रयोग गरिने भाँडाकुँडासम्म कुम्हाल समुदायको श्रम र सीपको प्रत्यक्ष सम्बन्ध छ । तर, समयसँगै बजारमा आधुनिक तथा 'रेडिमेड' सामग्रीको प्रयोग बढ्दै जाँदा यही पुर्ख्यौंली पेसाको भविष्य भने अन्योलमा पर्दै गएको छ । चाडपर्वमा माटाका सामग्रीको माग बढे पनि वर्षभरि यसै पेसाबाट परिवारको खर्च धान्न सहज नभएको कुम्हाल समुदायका अगुवा राम नारायण पण्डितले बताउनुभयो । प्लास्टिक, स्टिल, आल्मुनियम र अन्य आधुनिक सामग्रीले बजारमा स्थान विस्तार गर्दै जाँदा परम्परागत माटाका भाँडाकुँडाको प्रयोग घट्दै गएको छ । यसले गर्दा माटोसँग जीवन बिताएका कुम्हाल समुदाय लाई आफ्नो पेसा जोगाउने र नयाँ पुस्तालाई यसप्रति आकर्षित गर्ने चुनौती थपिएको उहाँको कथन छ । "कुनै समय घरघरमा माटाका भाँडाकुँडा प्रयोग गर्ने चलन थियो, पानी राख्न घैंटो, खाना पकाउन हाँडी, पूजा गर्न कलश र दीपावलीमा घरआँगन उज्यालो बनाउन दियो अनिवार्यजस्तै मानिन्थ्यो", राम नारायणले भन्नुभयो, "तर, अहिले ती स्थान क्रमशः आधुनिक सामग्रीले लिन थालेका छन् । चाडपर्वमा माटाका सामग्रीको प्रयोग सीमित हुँदै जानुले परम्परागत पेसामा निर्भर परिवारको आम्दानी प्रभावित हुन थालेको छ ।"

उहाँका अनुसार एकातिर लामो समयको श्रमपछि तयार भएका सामग्री बजारमा उचित मूल्यमा बिक्री नहुँदा मेहनत अनुसारको प्रतिफल पाउन कठिन भइरहेको छ भने अर्कोतर्फ, कच्चा पदार्थको उपलब्धता, उत्पादन लागत, बजार व्यवस्थापन र प्रतिस्पर्धा पनि चुनौती बनेका छन् । बजारमा आधुनिक सामग्रीको चमक बढ्दै गर्दा माटोसँग जोडिएको परम्परागत पेसाको उज्यालो निभ्न नदिन राज्य, स्थानीय सरकार र उपभोक्ता सबैको साथ आवश्यक देखिएको कुम्हाल समुदायको भनाइ छ ।

विराटनगर किंग्सद्वारा सुदूरपश्चिम रोयल्स पराजित

काठमाडौं ।: विराटनगर किङ्गसले तेस्रो संस्करणको नेपाल प्रिमियर लिग (एनपिएल) टी-२० क्रिकेट प्रतियोगितामा पहिलो जित दर्ता गरेको छ ।

पहिलो जित निकाल्ने क्रममा विराटनगरले शनिबार सम्पन्न खेलमा सुदूरपश्चिम रोयल्सलाई ३५ रनले हरायो ।

सुदूरपश्चिमले दोस्रो हारको सामना गर्यो । आफ्नो तेस्रो खेलमा विराटनगरले दिएको १०६ रनको लक्ष्य पछ्याएको सुदूरपश्चिमले पाँच ओभरमा झारिएको खेलमा तीन विकेट गुमाएर ७० रनमात्र बनाउन सक्यो ।

सुदूरपश्चिमका लागि सेफ अली जेबले १० बलमा दुई छक्कासहित १७ रन बनाए । यस्तै, स्कट कुग्लाइनले अविजित २८ र आरिफ शेखले अविजित रहँदै १७ रन जोडे । बलिडतर्फ विराटनगरका लागि रुपेश सिंह, एन्जेलो म्याथ्युज र आन्द्रे रसेलले एक-एक विकेट लिए ।

त्यसअघि कीर्तिपुरस्थित त्रिभुवन अन्तरराष्ट्रिय क्रिकेट मैदानमा टस हारेर ब्याटिङको निम्तो पाएको विराटनगरले वर्षाका कारण पाँच ओभरमा झारिएको खेलमा दुई विकेट गुमाएर १०५ बनायो । विराटनगरका लागि शेहान जयसूर्याले ११ बलमा पाँच छक्का र दुई चौकासहित सर्वाधिक ३९ रनको पारी खेले । यस्तै, आन्द्रे रसेलले अविजित २९ र लोकेश बमले २५ रन जोडे ।

बलिडतर्फ सुदूरपश्चिमका लागि अविनाश बोहराले एक विकेट लिए । आजको चितवन राइनोज र लुम्बिनी लायन्सबीचको पहिलो खेल भने वर्षाका कारण रद्द भएको थियो ।

प्रत्युष नेटवर्क प्रा.लि द्वारा प्रकाशित तथा मुद्रित
कार्यालय:नीलकण्ठ न.पा-३, सुगमटोल, धादिङबेसी, कार्यालय फोन ०१०-५२१४३०, ०१०-५९०४३०
सम्पादक : रमेश अधिकारी, Email : pratyushdainik@gmail.com,Website:epratyush.com